# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) विराटनगर, नेपाल, बैशाख २२ गते, २०७८ साल (अतिरिक्ताङ्क १


## भाग २

प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी नियमावली, २०७८**

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ प्रदेश सरकारले यो नियमावली बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम **"मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी नियमावली, २०७८"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"आचरण"** भन्नाले मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता, कर्मचारी तथा तोकिएको कानून व्यवसायीले पालना गर्नुपर्ने व्यवहार, चालचलन र चरित्रलाई समेत सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ लाई सम्झनु पर्छ।

(ग) **"कर्मचारी"** भन्नाले मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारीलाई सम्झनु पर्छ र सो शब्दले मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सेवा करारका कर्मचारीलाई समेत जनाउँछ।

(घ) **"कानून"** भन्नाले तत्काल प्रचलित सङ्घीय तथा प्रादेशिक कानून सम्झनु पर्छ।

(ङ) **"कानून व्यवसायी"** भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० बमोजिमको वरिष्ठ अधिवक्ता तथा अधिवक्तालाई सम्झनु पर्छ।

(च) **"कार्यालय"** भन्नाले मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नं. १ सम्झनु पर्छ ।

(छ) **"कार्यालय प्रमुख"** भन्नाले सम्बन्धित निकायको प्रमुख भई कामकाज गर्ने अधिकारीलाई सम्झनु पर्छ ।

(ज) **"तोकिदिएको अधिकारी"** भन्नाले प्रदेश सरकारले मुख्य न्यायाधिवक्तासँग कानूनी राय माग गर्न कुनै अधिकारी तोकिदिएको भएमा सो अधिकारीलाई सम्झनु पर्छ ।

(झ) **"परिवारका सदस्य"** भन्नाले मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता, कर्मचारी तथा तोकिएको कानून व्यवसायीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बुवा, आमा र सौतेनी आमालाई सम्झनु पर्छ र सो शब्दले बाजे, बज्यै, सासु, ससुरा समेतलाई जनाउँछ ।

(ञ) **"प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दा"** भन्नाले प्रदेश सरकार वादी वा प्रतिवादी हुने भनी कुनै ऐनमा उल्लेख भएका मुद्दा, प्रदेश सरकार पक्ष वा विपक्ष भएको मुद्दा सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारलाई सरोकार पर्ने भनी नेपाल सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य मुद्दालाई समेत जनाउँछ ।

(ट) **"बहस पैरवी"** भन्नाले मुद्दामा कुनै अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित भई मागदावी वा जिकिर पुष्टि गर्न न्यायाधिवक्ता वा तोकिएको कानून व्यावसायीबाट गरिने बहस पैरवी तथा प्रतिरक्षा समेतलाई सम्झनु पर्छ र सो शब्दले अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरिएको बहस नोट समेतलाई जनाउँछ ।

(ठ) **“मुद्दा”** भन्नाले प्रचलित सङ्घीय तथा प्रादेशिक कानून बमोजिम अदालतमा दायर भएको विवादीत विषयलाई सम्झनु पर्छ ।

(ड) **“राय”** भन्नाले मुख्य न्यायाधिवक्ताले कुनै कानूनी वा संवैधानिक प्रश्न समावेश भएको विषयमा दिईएको कानूनी रायलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यालय तथा कर्मचारी सम्बन्धी व्यवस्था र अधिकार क्षेत्र

३. **कार्यालय तथा कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) मुख्य न्यायाधिवक्ताको कार्यालय ऐनको दफा ३ को उपदफा (१) र (२) बमोजिम रहनेछ ।

(२) मुख्य न्यायधिवक्ताको कार्यालयको कार्य सु-व्यवस्थित रुपले सञ्चालन गर्नका लागि कार्यालयको मौजुदा सङ्गठन संरचना वा दरवन्दीमा पुनरावलोकन वा हेरफेर गर्नु परेमा प्रचलित कानून बमोजिम प्रदेश सरकारले गर्नेछ ।

(३) कार्यालयका महाशाखा प्रमुख तथा अन्य कर्मचारीको कार्य विभाजन तथा कार्य विवरण मुख्य न्यायाधिवक्ताले तोके बमोजिम हुनेछ।

(४) प्रत्येक उच्च अदालतको मुकाम रहेको स्थानमा आवश्यकता अनुसार प्रदेश सरकारको निर्णय बमोजिम मुख्य न्यायाधिवक्ताको सम्पर्क कार्यालय रहन सक्नेछ ।

४. **कर्मचारीको सेवा, समूह र पदः** (१) मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत रहने कर्मचारीको सेवा, समूह र पद नेपालको संविधानको धारा १६० को उपधारा (६) बमोजिम हुनेछ ।

(२) नेपालको संविधानको धारा १६० को उपधारा (६) बमोजिम महान्यायाधिवक्ताको कार्यालयले कर्मचारीको व्यवस्थापन गरे वाहेक प्रदेश सरकारले आवश्यक्ता बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालयलाई चाहिने अन्य कर्मचारीको व्यवस्थापन गर्न सक्नेछ ।

(३) कार्यालयमा काम गर्न तोकिएका सरकारी वकिल एवम् कर्मचारीलाई प्रदेश सरकार विरुद्ध परेका मुद्दाको प्रतिरक्षा गर्ने कार्यका लागि मुख्य न्यायाधिवक्ताले आवश्यक्ता अनुरुप प्रदेश भित्रको कुनै स्थान तोकी कामकाज गर्न खटाउन सक्नेछ र सो को जानकारी महान्यायाधिवक्ताको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गराउनु पर्नेछ।

५. **<u>अधिकार क्षेत्रः</u>** (१) महान्यायाधिवक्ताको सहमतीमा प्रदेश भित्रका कुनै सरकारी वकिलको कार्यालयमा कार्यरत सरकारी वकिललाई वा मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका अधिकृतलाई कुनै अदालत वा न्यायिक निकायमा खटाउने वा प्रतिरक्षा गर्ने वा गराउने अधिकार मुख्य न्यायाधिवक्तामा रहनेछ।

(२) मुख्य न्यायाधिवक्ताले प्रदेश सरकार वा मातहतका निकायका हकहित वा सरोकार निहित रहेको मुद्दामा भएको फैसला वा आदेशको प्रभावकारी कार्यान्वयन गर्न गराउन सरोकारवाला निकायसँग समन्वय गर्नु पर्नेछ।

## परिच्छेद-३

## <u>कानूनी राय सम्बन्धी व्यवस्था</u>

६. **<u>कानूनी राय माग गर्न सक्नेः</u>** (१) ऐनको दफा ७ बमोजिम प्रदेश सरकार र सो अन्तर्गतका मन्त्रालय, निर्देशनालय, विभाग, कार्यालय र निकायहरु वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै पनि संवैधानिक वा कानूनी विषयमा कानूनी राय माग गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम राय माग गर्दा सम्बन्धित कार्यालय प्रमुखले वा तोकिदिएको अधिकारीले राय माग गरिएको विषय स्पष्ट खुलाई सम्बन्धित सक्कलै फाईल संलग्न राखी आफ्नो राय समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम राय माग गर्दा सम्बन्धित कार्यालय प्रमुख वा तोकिदिएको अधिकारीले मात्र माग गर्नु पर्नेछ ।

७. <u>कानूनी राय दिनु अघि विचार गर्नुपर्ने कुराहरु:</u> नियम ६ बमोजिम राय माग गरेकोमा मुख्य न्यायाधिवक्ताले राय दिनु अघि देहायका कुराहरु विचार गर्नु पर्नेछः-

(क) राय माग गर्ने पदाधिकारी कार्यालयको प्रमुख वा तोकिदिएको अधिकारी भएको वा नभएको,

(ख) राय माग गरिएको विषयमा कानूनी वा संवैधानिक प्रश्न समावेश भएको वा नभएको,

(ग) राय माग गरिएको विषयसँग सम्बन्धित विवरण फाईलमा संलग्न गरी पठाएको वा नपठाएको,

(घ) अन्य कुनै अधिकारी वा कार्यालयको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नु पर्ने भएमा सो राय लिएको वा त्यस्तो प्रक्रिया पूरा गरेको वा नगरेको,

(ङ) राय माग गर्ने सम्बन्धित कार्यालय प्रमुख वा तोकिदिएको अधिकारीले राय माग गरेको विषयमा आफ्नो स्पष्ट दृष्टिकोण सहित राय माग गरेको वा नगरेको, र

(च) कुनै अदालतमा विचाराधीन मुद्दाका सम्बन्धमा राय माग गरिएको हो वा होइन।

८. <u>कानूनी राय दिन इन्कार गर्न सक्ने:</u> मुख्य न्यायाधिवक्ताले देहायको अवस्थामा राय दिन इन्कार गर्न सक्नेछः-

(क) राय माग गर्ने अधिकारी कार्यालयको प्रमुख वा तोकिदिएको अधिकारी नभएमा,

(ख) राय माग गर्ने निकाय प्रदेश सरकार अन्तर्गतको निकाय नभएमा,

(ग) राय माग गरिएको विषयमा स्पष्ट रुपमा कानूनी वा संवैधानिक प्रश्न समावेश नभएमा,

(घ) राय माग गरिएको विषयसँग सम्बन्धित कागजातहरु संलग्न फाईल प्राप्त नभएमा,

(ङ) सोही विषयमा एक पटक राय दिईसकेको भएमा,

(च) राय माग गरिएको विषयमा सम्बन्धित अधिकारीको दृष्टिकोण उल्लेख नभएमा,

(छ) प्रशासनिक वा नीतिगत विषयमा राय माग गरिएको भएमा, र

(ज) अदालतमा विचाराधीन मुद्दामा राय माग गरिएको भएमा।

९. <u>कानूनी राय दिने सम्बन्धी व्यवस्थाः</u> (१) कार्यालय प्रमुख वा तोकिदिएको अधिकारीबाट माग भएको विषयमा राय दिनु पर्ने भएमा मुख्य न्यायाधिवक्ताले प्रचलित कानूनको अधीनमा रही उक्त विषयमा राय दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मुख्य न्यायाधिवक्ताले राय दिँदा राय माग गरेको विषय र राय दिएको विषय प्रष्ट उल्लेख गरी कार्यालयको पत्र साथ सम्बन्धित कार्यालयमा फाईल फिर्ता पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मुख्य न्यायाधिवक्ताले दिएको राय सम्बन्धी अभिलेख मुख्य न्यायाधिवक्ताको कार्यालयमा राख्नु पर्नेछ ।

१०. <u>राय माग गरिएको विषय गोप्य हुने</u>ः यस नियमावली बमोजिम मुख्य न्यायाधिवक्तासँग माग गरिएको राय र मुख्य न्यायाधिवक्ताले दिएको राय सो विषयमा निर्णय नहुँदासम्म गोप्य हुनेछ ।

११. <u>राय दिने समयावधि</u>ः यस नियमावली बमोजिम कार्यालयको प्रमुख वा तोकिदिएको अधिकारीले राय माग गरेमा मुख्य न्यायाधिवक्ताले पत्र सहितको फाईल प्राप्त भएको मितिले सामान्यतया सात दिन भित्र राय दिईसक्नु पर्नेछ।

## परिच्छेद-४

## बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी व्यवस्था

१२. **बहस पैरवी व्यवस्थापनः** (१) बहस पैरवी गर्दा व्यावसायिक आचरणको परिधी भित्र रही प्रदेश सरकारको हकहित हुने गरी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बहस पैरवी गर्दा देहायमा उल्लिखित नियमहरुको पालना गर्नु पर्नेछः-

(क) अदालत समक्ष समयमै उपस्थित हुने,

(ख) इजलासको मर्यादा र विपक्षी कानून व्यवसायीको सम्मान गर्ने,

(ग) न्यायका सामान्य सिद्धान्तहरुको पालना र प्रयोग गर्ने,

(घ) मुद्दामा ठहर गर्नुपर्ने विषय, तथ्य र सोसँग सम्बद्ध प्रमाणमा केन्द्रित रहने,

(ङ) मुद्दाको तथ्यसँग मेल खाने नजिर प्रस्तुत गर्ने,

(च) मुद्दाको तथ्यलाई सिलसिलेवार रुपमा नम्र, शिष्ट र मर्यादित शैलीमा प्रस्तुत गर्ने,

(छ) विपक्षीको तर्क वा जिकिरलाई प्रमाणको विष्लेषणको आधारमा खण्डन गर्ने,

(ज) बन्द इजलासमा सुनुवाई हुने मुद्दामा गोपनीयता कायम गर्ने,

(झ) कुनै मुद्दामा एक भन्दा बढी न्यायाधिवक्ता वा तोकिएको कानून व्यावसायी उपस्थित भएको अवस्थामा अग्रज न्यायाधिवक्ता वा तोकिएको कानून व्यावसायीको निर्देशनलाई ध्यान दिई इजलासले छलफलको बुँदा निर्धारण गरेको भए सोको पालना गर्ने,

(ञ) बहस पैरवी गर्दा अदालतले निर्धारण गरे बमोजिम आफ्नो पालोमा बहस पैरवी गर्ने, र

(ट) बहस गर्नका लागि समय व्यवस्थापन गर्ने र इजलासको निर्देशन समेतलाई ध्यान दिने।

१३. <u>पूर्व तयारी तथा मिसिल व्यवस्थापन:</u> बहस पैरवी गर्नु पूर्व देहायका कुराहरु विचार गर्नु पर्नेछः-

(क) सम्बन्धित मिसिल अध्ययन गरी सम्बद्ध तथ्य, कानून, सिद्धान्त र प्रतिपादित नजिरको सङ्कलन गर्ने,

(ख) मिसिल कागजात व्यवस्थित गरी तथ्य र सम्बद्ध नजिरको टिपोट गर्ने, र

(ग) बहस पैरवी प्रस्तुतीको योजना बनाउने तथा बहसको क्रममा उठ्न सक्ने सम्भावित प्रश्नहरु आँकलन गरि टिपोट गर्ने।

१४. <u>बहस नोट</u>ः अदालत वा मुद्दा हेर्ने अधिकारीको आदेश वा सम्बद्ध नियमावलीमा तोकिएको प्रकृया बमोजिम बहस नोट पेश गर्नुपर्दा ठहर गर्नु पर्ने विवादीत प्रश्न, ठहर हुनुपर्ने आधार र सोलाई समर्थन गर्ने तथ्य, कानून तथा नजिर समेतलाई सिलसिलाबद्ध रुपमा खुलाई पेश गर्नु पर्नेछ।

१५. <u>प्रत्यार्थी झिकाउने आदेशका लागि गरिने बहस पैरवी:</u> प्रदेश सरकारको तर्फबाट पुनरावेदन पत्र दर्ता भई सुनुवाईको लागि इजलास समक्ष पेश भएको मुद्दामा प्रत्यार्थी झिकाउने आदेशको लागि बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) बहसको प्रारम्भमा पुनरावेदक वादी, पुनरावेदन गरिएका प्रतिवादी, मुद्दाको नाम, अभियोग मागदावी, कुन अदालतले के फैसला गरेको हो र सो फैसला उपर कुन हदसम्म चित्त नबुझि पुनरावेदन गरेको हो सङ्क्षिप्त रुपमा इजलास समक्ष पेश गर्ने, र

(ख) फैसला गर्ने अदालतले लिएका निर्णयाधारहरु बुँदागत रुपमा उल्लेख गरी उक्त फैसला के आधारमा त्रुटीपूर्ण छ, तथ्य प्रमाण र सम्बद्ध नजिर उल्लेख गरी त्यस्तो फैसलाको ठहर फरक पर्न सक्ने आधार कारण खुलाई प्रत्यार्थी झिकाउन जिकिर लिने ।

१६. **<u>विपक्षीको पुनरावेदन बहस पैरवीः</u>** विपक्षीको पुनरावेदन बहस गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) पुनरावेदन जिकिर लिइएका कुराहरु र विपक्षीका तर्फबाट बहसमा जिकिर लिइएका कुराहरु बुँदागत रुपमा उल्लेख गरी त्यस्तो जिकिर खण्डन हुने सम्बद्ध कानून, सवुत, प्रमाण र प्रतिपादित सिद्धान्त क्रमबद्ध रुपमा प्रस्तुत गर्ने,

(ख) प्रत्यार्थी झिकाउने आदेशमा लिइएका आधारहरु खण्डन गर्ने, र

(ग) फैसला गर्दा लिइएका आधार र कारण समेत उल्लेख गरी बहस पैरवी गर्ने ।

१७. **<u>अनुमतिका लागि पेश गर्ने निवेदन उपर बहस पैरवी:</u>** अनुमतिका लागि गरेको निवेदनको सुनुवाईमा बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कानूनको प्रयोग, पालना र व्याख्या तथा प्रमाण मूल्याङ्कनमा गम्भीर त्रुटि हुन गएको छ भन्ने कुरा अदालतलाई विश्वास दिलाउन स्थापित तथ्य, प्रमाण र कानून स्पष्ट रुपमा खुलाउने,

(ख) समान तथ्य भएको सो मुद्दामा फैसला गर्दा सर्वोच्च अदालतबाट प्रतिपादित नजिरको पालना नभएको वा त्यस्तो नजिरलाई गलत किसिमले व्याख्या भएको अवस्थामा सो सम्बन्धी सान्दर्भिक नजिर प्रस्तुत गर्ने,

(ग) मातहत अदालतले फैसला गर्दा मिसिल सङ्कलित सबुत प्रमाणको गलत किसिमले मूल्याङ्कन गरेको कारण सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुग्न गएको भन्ने तथ्य स्थापित गराउने,

(घ) नाबालक, महिला, अपाङ्गता भएका व्यक्ति मानसिक रोगबाट पीडित वा पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक फरक पर्न गएको भए आधार र कारण सहित सो कुराको समेत जिकिर लिने, र

(ङ) मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान भएको वा पुनरावलोकनको लागि निस्सा भएकोमा सोही बमोजिम बहस पैरवी गर्ने ।

१८. <u>अधिकार क्षेत्र र हदम्यादको विवाद सम्बन्धी बहस पैरवीः</u> मुद्दा सुनुवाई गर्ने अधिकार क्षेत्र र मुद्दा दर्ता गर्ने हदम्यादका सम्बन्धमा उठेको प्रश्नमा निर्णय गर्न पेश भएको मुद्दामा बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) अदालतको क्षेत्राधिकार भित्र नपर्ने वा हदम्याद भित्र दर्ता नभएको भनी विपक्षीले जिकिर लिएकोमा सो सम्बन्धमा निर्णय लिन सहयोग पुग्ने गरी कानूनी बुँदा र सर्वोच्च अदालतबाट प्रतिपादित नजिर एवम् सिद्धान्तमा केन्द्रित रहेर बहस पैरवी गर्ने, र

(ख) मुद्दामा क्षेत्राधिकार सम्बन्धी प्रश्न निहित रही छलफल गर्दा अदालत वा अन्य मुद्दा हेर्ने अधिकारिको क्षेत्राधिकार भित्र पर्ने देखिएमा क्षेत्राधिकार रहेको निकायमा पठाउने आदेश गर्न जिकिर लिने।

## परिच्छेद-५
## आचार संहिता सम्बन्धी व्यवस्था

१९. **आचार संहिता पालना गर्नुपर्नेः** (१) ऐनको दफा १८ बमोजिम मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता, अधिकृत, कर्मचारी तथा ऐनको दफा ४ को उपदफा (८) बमोजिम तोकिएको कानून व्यवसायीको आचार संहिता यस परिच्छेदमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) आचार संहिताको पालना गर्नु मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता, अधिकृत, कर्मचारी तथा तोकिएको कानून व्यवसायी समेतको कर्तव्य हुनेछ ।

(३) मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता र कर्मचारीहरु कार्यालयमा बहाल हुनासाथ तथा कानून व्यवसायी तोकिएपछि कार्यालयले यो आचार संहिता उपलव्ध गराउनु पर्नेछ।

२०. **मुख्य न्यायाधिवक्ताले पालना गर्नु पर्ने आचरणः** (१) मुख्य न्यायाधिवक्ताले आफूलाई नेपालको संविधान, सङ्घीय कानून तथा प्रदेश कानूनले सुम्पेको जिम्मेवारी पूरा गर्न तथा आफ्नो काम कारबाहीमा सार्वजनिक विश्वास कायम गर्न देहाय बमोजिमको आचारण पालना गर्नु पर्नेछः-

(क) मुख्य न्यायाधिवक्ताले राष्ट्रको हित एवम् स्वार्थ, पदीय मर्यादालाई कायम राखी आफूलाई सुम्पिएको जिम्मेवारी तथा उत्तरदायित्व, स्वतन्त्र, निष्पक्ष र इमान्दारी पूर्वक वहन गर्नु पर्नेछ ।

(ख) मुख्य न्यायाधिवक्ताले आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले ओहदाको मर्यादा विपरीत हुने गरी कसैलाई राजनीतिक वा अन्य कुनै किसिमको प्रभाव पार्न वा अवाञ्छित सम्पर्क राखु हुँदैन ।

(ग) मुख्य न्यायाधिवक्ताले आफ्नो कार्यसम्पादन वा कर्तव्यको पालना गर्दा कसैप्रति झुकाव, मोलाहिजा वा वदनियत नराखी, आन्तरिक वा बाह्य, प्रत्यक्ष वा

अप्रत्यक्ष कुनै पनि रुपमा आउन सक्ने प्रभाव, दबाब, भनसुन, धम्की वा आग्रह-पूर्वाग्रहबाट अभिप्रेरित वा प्रभावित नभई तथ्यको निरुपण र कानूनको प्रयोग सही र स्वतन्त्र रुपमा गर्नु पर्नेछ।

(घ) मुख्य न्यायाधिवक्ताले विभिन्न जात-जाति, धर्म, वर्ग, क्षेत्र, लिङ्ग र सम्प्रदायका मानिसहरु बीच बैमानस्यता उत्पन्न गर्ने गराउने वा सामाजिक सद्भावमा आँच आउने वा उनीहरुको आत्मसम्मानमा ठेस लाग्ने कुनै काम गर्नु, गराउनु हुँदैन।

(ङ) मुख्य न्यायाधिवक्ताले अदालत समक्ष विचाराधीन विषयलाई असर पार्ने गरी वा न्यायिक प्रक्रियामा आँच आउने गरी वा कुनै व्यक्ति वा विषयको अनुसन्धानमा असर पार्ने गरी जानाजान सार्वजनिक आलोचना वा टिप्पणी वा अन्य कुनै अभिव्यक्ति दिनु हुँदैन।

(च) मुख्य न्यायाधिवक्ताले कार्यालयको गोपनीयता भङ्ग हुने गरी कसैलाई पनि कुनै कुराको जानकारी दिनु वा तत् सम्बन्धी अन्य कुनै कुरा उपलव्ध गराउनु हुँदैन।

(छ) मुख्य न्यायाधिवक्ता आफैले वा आफ्नो परिवारको सदस्य मार्फत् दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न वा कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिसन वा गैरकानूनी रुपमा रकम प्राप्त गर्नु हुँदैन।

(ज) मुख्य न्यायाधिवक्ताले नेपालको संविधान, सङ्घीय कानून, प्रदेश कानून एवम् अन्तर्राष्ट्रिय कानूनका

सिद्धान्त तथा मूल्य मान्यताप्रति पूर्ण प्रतिबद्ध रही आफ्नो कार्यसम्पादन गर्नु पर्नेछ।

(झ) मुख्य न्यायाधिवक्ताले मानव अधिकार, महिला तथा बालबालिका, पीडित र निजका परिवारसँग सम्बन्धित विषयमा गम्भिर एवम् संवेदनशील भई कार्य गर्नु पर्नेछ।

(ञ) मुख्य न्यायाधिवक्ताले अदालतको संस्थागत एवम् कार्यगत स्वतन्त्रतालाई कायम राख्दै अदालत प्रतिको जनआस्था र जनविश्वासको अभिवृद्धि गर्न उच्चस्तरको आचरण प्रदर्शन गर्नु पर्नेछ।

(ट) अदालतमा विचाराधीन रहेको कुनै विषयमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा वा त्यस्तो विषयमा संलग्न व्यक्ति आफ्नो नातेदार भएमा कार्यालयमा जानकारी दिई अलग रहनु पर्छ।

(ठ) संविधान तथा सङ्घीय कानूनको कार्यान्वयनका सम्बन्धमा माहान्यायाधिवक्ताले दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

(२) मुख्य न्यायाधिवक्ताले संवैधानिक सर्वोच्चता, कानूनी राज्यको अवधारणा र न्यायका मान्य सिद्धान्तको पालना गर्दै आफ्नो ज्ञान र विवेकको प्रयोग गरी कार्यसम्पादन गर्नु पर्नेछ ।

(३) मुख्य न्यायाधिवक्ताले कार्यसम्पादन गर्दा महिला तथा बालबालिका र लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता अपनाउनु पर्नेछ र लोकतन्त्र, विधिको शासन र समावेशीताको मूल्यमान्यता प्रति पूर्ण प्रतिबद्ध हुनु पर्नेछ।

(४) मुख्य न्यायाधिवक्ताले कार्यालय समयमा व्यक्तिगत, असम्बन्धित वा अन्य कुनै क्रियाकलापमा संलग्न हुनु हुँदैन ।

तर, कार्यालयको काममा बाधा नपर्ने गरी सार्वजनिक क्षेत्रमा सञ्चालित विश्वविद्यालय वा सार्वजनिक क्षेत्रमा तालिम, प्रशिक्षण गर्ने, प्राज्ञिक वा शैक्षिक लगायत संस्थामा तालिम, प्रशिक्षण गर्ने, अध्यापन अनुशन्धान तथा प्रशिक्षण दिन बाधा पर्ने छैन ।

(५) मुख्य न्यायाधिवक्ताले उपनियम (२) र (३) बमोजिम कार्य सम्पादन गर्दा प्रदेश सरकारका विरुद्धमा सार्वजनिक रुपमा लेखेर र बोलेर अभिव्यक्ति दिन पाईने छैन।

२१. <u>न्यायाधिवक्ताले पालना गर्नुपर्ने आचारणः</u> (१) मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत न्यायाधिवक्ताले देहायका आचरणको पालना गर्नु पर्नेछः-

(क) न्यायाधिवक्ताले आफ्नो पदीय जिम्मेवारीको पालना गर्दा सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी प्रचलित कानूनको अधिनमा रही गर्नु पर्नेछ।

(ख) न्यायाधिवक्ताले नेपालको संविधानद्वारा प्रदत्त हक, अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै नेपाल राष्ट्र, सङ्घीय सरकार र प्रदेश सरकारप्रति बफादार रही आफ्नो सेवाको मर्यादा र गरिमामा आँच पुग्ने गरी कुनै पनि काम गर्न र गराउन नदिन सदा सचेत रहनु पर्नेछ ।

(ग) न्यायाधिवक्ताले आफ्नो पद तथा सेवालाई मर्यादित बनाउन सदैव सकारात्मक रही सबैसँग शिष्ट तथा मर्यादित व्यवहार गर्नु पर्नेछ ।

(घ) न्यायाधिवक्ताले आफ्नो पद अनुरुपको जिम्मेवारी तदारुकताकासाथ निर्वाह गर्नु पर्नेछ ।

(ङ) न्यायाधिवक्ताले पालना गर्नुपर्ने आचरण सम्बन्धी वेग्लै कानूनी व्यवस्था भएकोमा त्यस्तो आचरणको समेत पालना गर्नु पर्नेछ ।

(च) न्यायाधिवक्ताले जात, जाति, धर्म, भाषा, लिङ्ग, उमेर, भौगोलिकता, राजनीतिक वा सामाजिक हैसियत, दृष्टिकोण, पहुँच वा सम्बन्ध, शारीरिक अवस्था, वैवाहिक स्थिति वा अन्य कुनैपनि आधारमा भेदभाव नगरी सबैलाई उचित र समान व्यवहार गर्नु पर्नेछ।

(छ) न्यायाधिवक्ताले प्रचलित कानून बमोजिम गोप्य मानिने सूचनाको जानकारी कसैलाई पनि दिनु हुँदैन।

तर, कार्यालयबाट सार्वजनिक गरिएको विषयमा सूचना दिन कुनै बाधा पर्ने छैन ।

(ज) कार्यालय प्रमुख, सूचना अधिकारी वा प्रवक्ता बाहेक अन्य न्यायाधिवक्ता वा कार्यालयका कर्मचारीले कार्यालयको काम कारबाहीसँग सम्बन्धित विषयमा कुनै पनि सञ्चारका साधन मार्फत् वक्तव्य दिन, अन्तर्वार्ता दिन वा नाम गोप्य राखेर वा नराखेर कुनै सूचना दिनु हुँदैन।

(झ) न्यायाधिवक्ताले आफ्नो पदीय जिम्मेवारी पालना गर्दा कसैको अनुचित प्रभाव, प्रलोभन, दबाब, भनसुन वा कुनै आग्रहबाट प्रभावित नभई कुनै पनि किसिमको पूर्वाग्रह वा द्वेष नराखी स्वतन्त्र र निष्पक्षताका साथ मुद्दाको बहस पैरवी तथा प्रतिरक्षा गर्नुपर्छ ।

(ञ) न्यायाधिवक्ताले आफ्नो पदीय कर्तव्यमा असर पर्ने गरी कुनै व्यक्ति वा संस्थासँग लेनदेन व्यवहार गर्न उपहार, दान वा चन्दा स्वीकार गर्न, लिन तथा जुनसुकै प्रयोजनको लागि चन्दा, दान वा सहयोग

उठाउने काममा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न हुनुहुँदैन ।

(ट) न्यायाधिवक्ताले आफ्नो झुकाव रहेको वा नाता पर्नेको मुद्दाको बहस पैरवी गर्नु हुँदैन । बहस पैरवी गर्नु परेमा आफ्नो कार्यालय प्रमुख वा कार्यालयलाई पूर्व जानकारी दिनु पर्नेछ ।

(ठ) न्यायाधिवक्ताले कुनै पनि राजनीतिक दल वा कुनै दलको नेताको समर्थन वा विरोधमा कुनै विचार व्यक्त गर्न वा त्यसमा कसैलाई समर्थन वा विरोध गर्नको लागि प्रभावमा पार्नु हुँदैन । ट्रेड युनियनको हकमा प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) न्यायाधिवक्ताले आफूले बहस पैरवी गर्दा संविधान, कानून, नजिर तथा सिद्धान्त लगायत सम्बन्धित सबै कानूनको जानकारी राख्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बहस पैरवी गर्दा न्यायाधिवक्ताहरुले एक आपसमा मर्यादित व्यवहार गर्ने तथा अग्रजले दिएको निर्देशनलाई शीघ्रताका साथ पालना गर्नु पर्नेछ।

(४) न्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ताबाट तोकिएको कानून व्यवसायी तथा विपक्षीको तर्फबाट बहस पैरवीमा उपस्थित हुने कानून व्यवसायी प्रति मर्यादित र शिष्ट भाषा, शैलीमा व्यवहार गर्नु पर्नेछ।

(५) न्यायाधिवक्ताले समाजमा निन्दनीय हुने कुनै कार्य वा व्यवहार प्रदर्शन गर्नु हुँदैन ।

(६) न्यायाधिवक्ताले नेपाल सरकार, प्रदेश सरकार र निजामती सेवा प्रति जनविश्वास अभिवृद्धि गर्न सदैव प्रयत्नशील रहनु पर्नेछ ।

२२. <u>कर्मचारीले पालना गर्नुपर्ने आचरणः</u> (१) मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीले प्रदेश निजामती सेवा ऐन बमोजिम

बनाईएको आचार संहिताका अतिरिक्त देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछः-

(क) नेपालको संविधान, जनताको सार्वभौमसत्ता, विधिको शासन, लोकतान्त्रिक मूल्य र मान्यताका अतिरिक्त प्रचलित सङ्घीय कानून तथा प्रदेश सरकारले बनाएको कानूनको परिपालना, उच्च सम्मान र संरक्षण गर्नु पर्नेछ ।

(ख) कार्यालयमा कार्यरत कर्मचारीले एक आपसमा आदरभावले व्यवहार गर्दै कार्यालयको कार्यसम्पादन निष्ठापूर्वक र ईमान्दारीताकासाथ पूरा गर्नु पर्नेछ।

(ग) कार्यालय समयमा व्यक्तिगत कामकाज तथा अनाधिकृत व्यक्तिसँग भेटघाट गर्नु हुँदैन र कार्यालय प्रमुखको अनुमति बिना कार्यालय छोड्न हुँदैन ।

(घ) कर्मचारीले आफ्नो जिम्मामा रहेको जिन्सी सामान, नगद, फाईल, औजार, उपकरण र सवारी साधनको सुरक्षा गर्नुपर्नेछ । मालसमान दुरुपयोग गर्ने मनसायले बिगार्न र मास्न पाईने छैन ।

(ङ) कर्मचारीले कुनै पनि प्रभावमा परी कार्यालयमा प्रचलित कानूनले निषेध गरेको कुनै पनि कार्य गर्नु गराउनु हुँदैन ।

(२) कर्मचारीले कार्यालय समयको पालना गर्नु पर्नेछ र कार्यालय सम्बन्धी काममा बाहेक अन्य कुनै काममा आफुमाथिको अधिकारीलाई नसोधि वा जानकारी नगराई कार्यालय समयमा अन्यत्र जानु हुँदैन ।

(३) कुनै पनि कर्मचारीले कार्यालयको सूचना अनाधिकृत रुपमा प्रवाह गर्न वा कार्यालयको गोपनीयता भङ्ग गर्नु गराउनु हुँदैन ।

(४) कर्मचारीले कार्यालयमा लैङ्गिक संवेदनशिलता कायम राख्दै महिला तथा बालबालिका अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक र विपन्न समुदायका व्यक्तिलाई सेवाप्रवाह गर्दा प्राथमिकता दिनु पर्नेछ।

(५) सङ्घीय निजामती सेवा ऐन तथा प्रदेश निजामती सेवा ऐनले दिएको ट्रेड युनियनको अधिकार उपयोग गर्न यस आचार संहिताले निषेध गरेको मानिने छैन ।

२३. **कानून व्यवसायीले पालना गर्नुपर्ने आचरण:** मुख्य न्यायाधिवक्ताको कार्यालयबाट तोकिएका कानून व्यवसायीले आफ्नो पेशागत आचार संहिताका अतिरिक्त देहायका आचरणको पालना गर्नु पर्नेछः-

(क) कानून व्यवसायीले नैतिकताका आधारभूत सिद्धान्तको प्रतिकूल हुनेगरी कुनै कार्य गर्नु हुँदैन।

(ख) कानून व्यवसायीले नेपालको संविधान, सङ्घीय कानून र प्रदेश कानून बमोजिम बहस पैरवी तथा प्रतिरक्षा गर्नु पर्नेछ।

(ग) प्रदेश सरकारलाई प्रतिकुल प्रभाव पार्ने उद्देश्यले मुद्दा सिर्जना गर्न र न्यायिक प्रक्रियालाई दुरुपयोग गर्नु वा गराउनु हुँदैन।

(घ) सत्य कुराको बयान वा बकपत्र गर्न पक्षलाई रोक्नु हुँदैन। काबु बाहिरको परिस्थिति नपरी वा मुख्य न्यायाधिवक्ताको पूर्व स्वीकृती नलिई आफूखुसी पेशी सार्न वा स्थगन गर्न पाउने छैन।

(ङ) न्याय प्रशासनसँग सम्बन्धित कामकारबाही गर्दा अदालत वा न्यायाधीश वा कानून व्यवसायी प्रति अनास्था पैदा हुने किसिमले झूठ्ठा कुरा प्रचारप्रसार गर्नु गराउनु हुँदैन।

(च) कानून व्यवसायीले महिला तथा बालबालिका र लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता अपनाउनु पर्नेछ ।

लोकतन्त्र, विधिको शासन र समावेशीताको मूल्यमान्यतामा प्रतिबद्ध रहनु पर्नेछ।

२४. <u>अनुगमन र कारबाही सम्बन्धी व्यवस्थाः</u> (१) यस आचार संहिताको पालना भए नभएको सम्बन्धमा मुख्य न्यायाधिवक्ता, कार्यालयका प्रशासकीय प्रमुख र कार्यालयबाट तोकिएको सुपरिवेक्षकबाट नियमित अनुगमन हुनेछ ।

(२) सुपरिवेक्षकले अनुगमन सम्बन्धी प्रतिवेदन मुख्य न्यायाधिवक्ता समक्ष पेश गर्नु पर्नेछ।

(३) यस आचार संहिताको उल्लङ्घन गरेको सम्बन्धमा सेवाग्राही तथा अन्य जोसुकैले कारबाही गरी पाउँ भनी मुख्य न्यायाधिवक्ता वा कार्यालय समक्ष उजुरी दिन सक्नेछन। यस्तो उजुरी परेको सात दिनभित्र छानवीन गरी टुङ्गो लगाउनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम प्रतिवेदन प्राप्त भएमा वा उपनियम (३) बमोजिम छानबिनबाट आचार संहिता पालना नभएको देखिएमा त्यस्तो आचार संहिता पालना नगर्ने न्यायाधिवक्ता, कर्मचारी तथा तोकिएको कानून व्यवसायीलाई आचार संहिता उल्लङ्घनको अवस्था अनुसार प्रचलित कानून बमोजिम कारवाही गरी सोको अभिलेख राखिनेछ ।

## परिच्छेद-६

## <u>विविध</u>

२५. <u>बिदा तथा काजः</u> (१) मुख्य न्यायाधिवक्ताले ऐनको दफा १४ बमोजिमको बिदा पाउनेछन् ।

(२) मुख्य न्यायाधिवक्ताको अन्तरदेशीय भ्रमण आदेश प्रचलित कानून बमोजिम स्वीकृत हुनेछ ।

तर, मुख्य न्यायाधिवक्ताले प्रदेश भित्रका अन्य जिल्लामा सरकारी कामको सिलसिलामा भ्रमण गर्नुपरेमा सात दिनसम्मको आफ्नो भ्रमण आदेश आफैं स्वीकृत गर्न सक्नेछ र सोको जानकारी मुख्यमन्त्री र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

(३) कार्यालयका महाशाखा प्रमुखको बिदा मुख्य न्यायाधिवक्ताले र अन्य कर्मचारीको हकमा भैपरी बिदा वा पर्व बिदा वा सात दिनसम्मको घर बिदा कार्यालयका प्रशासकीय प्रमुखले स्वीकृत गर्नेछ ।

तर, सात दिन भन्दा बढीको घर बिदा मुख्य न्यायाधिवक्ताबाट स्वीकृत गराउनु पर्नेछ।

(४) कार्यालयका महाशाखा प्रमुख, शाखा प्रमुख तथा अन्य कर्मचारीको अन्तरदेशीय भ्रमण आदेश प्रचलित कानून बमोजिम स्वीकृत हुनेछ।

(५) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश निजामती सेवा ऐन वा नियमावली तथा सङ्घीय निजामती सेवा ऐन वा नियमावली बमोजिम तोकिएको बिदाको हकमा सोही बमोजिम हुनेछ ।

(६) वडादशैंको बिदाका अवधिमा कार्यालय कामको सिलसिलामा कार्यालय खोली बस्नु पर्ने भएमा सो अवधिमा खटिएको सरकारी वकिल तथा कर्मचारीलाई सो अवधिको प्रचलित प्रदेश कानून बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

२६. <u>प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनः</u> ऐन र यस नियमावलीको अधीनमा रही मुख्य न्यायाधिवक्ताको कार्यालय तथा सो अन्तर्गतका सम्पर्क कार्यालय मुख्य न्यायाधिवक्ताको प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनमा रहनेछ।

२७. <u>प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u> (१) मुख्य न्यायाधिवक्ताले ऐनको दफा १२ बमोजिम कार्यालय र मातहतका सम्पर्क कार्यालयबाट सम्पादित काम कारबाहीको वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) महाशाखा प्रमुख एवम् शाखा प्रमुखले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने काम कारबाहीको प्रगति प्रतिवेदन प्रत्येक महिना समाप्त भएको सात दिन र आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र मुख्य न्यायाधिवक्ताको कार्यालयमा पेश गर्नु पर्नेछ ।

तर, आर्थिक वर्षको अन्तिम महिनाको मासिक प्रतिवेदन आर्थिक वर्षको वार्षिक प्रतिवेदन साथ पठाउन सकिनेछ ।

(३) उपनियम (२) बमोजिम पेश गर्ने प्रतिवेदनमा कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाहीको वास्तविक चित्रण गरी आवश्यक सिफारिस र सुझाव समेत उल्लेख गरेको हुनु पर्नेछ।

२८. संशोधनः प्रदेश सरकारले आवश्यकता अनुसार यस नियमावलीमा संशोधन र हेरफेर गर्न सक्नेछ।

**प्रमाणीकरण मितिः- २०७८/०१/२२**

**आज्ञाले,**
**किशोर कुमार चौधरी**
**प्रदेश सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**